# मिक्लाजुङ गाउँपालिका

## शिशु पोषण खर्च कार्यविधि २०७५

गाउँकार्यपालिकाबाट पारित मिति : २०७५/९/३०

**मिक्लाजुङ गाउँपालिका**

**रवि, पाँचथर**

**१ नं. प्रदेश**

**परिचयः**

मिक्लाजुङ गाउँकार्यपालिकाको कार्यालयले आ.व. २०७५/०७६ को महिला तथा बालबालिका शाखाअन्तर्गत वार्षिक कार्यक्रममा शिशु पोषण तथा स्वास्थ्य स्याहार ल्याउन आ.व. २०७५/०७६ को मिति २०७५ श्रावण १ देखि जन्मेका शिशुकरुको शिशु स्वास्थ्य र निरोगीका लागि पोषणका लागि खर्च गर्ने गरी प्रतिशिशु मासिक रु ५००/-( अक्षरेपी पाँच सय रुपैंया मात्र) का दरले खर्च दिने पालिकाको निर्णय अनुसार मिक्लाजुङ गाउँकार्यपालिकाको कार्यालय महिला तथा बालबालिका शाखाको कार्यविधि जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

१.१ यस कार्यविधिको नाम( **शिशु पोषण खर्च कार्यविधि २०७५** ) रहेको छ ।

१.२ यो कार्यविधि गाउकार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा** :

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) कार्यविधि भन्नाले **शिशु पोषण खर्च कार्यविधि २०७५** भन्ने बुझ्नुपर्छ ।

(ख) कार्यपालिका भन्नाले मिक्लाजुङ गाउँपालिका गाउँ कार्यपालिका बुझ्नुपर्छ ।

(ग) शिशु - भन्नाले आ.व. २०७५ श्रावण मा जन्मे देखि १ वर्ष सम्मकालाई शिशु सम्झनु पर्नेछ ।

घ) महिला तथा बालबालिका शाखा - गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत महिला तथा बालबालिका शाखा सम्झनु पर्नेछ ।

**३. उद्धेश्य** : यो कार्य विधिका उद्धेश्यहरु देहायबमोजिम हुनेछन् ।

(क) मिक्लाजुङ गाउँकार्यपालिका अन्तर्गत ८ वटा वडाका शिशुहरु स्वास्थ्य रही निरोगी जिवनयापन गर्नेछन ।

(ख) बाल स्वास्थ्य रहि बालपोषणमा सुधार आउनेछन् ।

(ग) बालबालिकाको सामाजिक संरक्षणमा सहयोग हुनेछन् ।

(घ) वातावरण र सरसफाईमा सहयोग हुनेछन् ।

(ङ) सहयोग रकमवितरणमा विभिन्ननियाय र वडाहरुको भूमिका स्पष्ट रहि सहयोग सबलका साथ सम्पर्क, सम्बन्ध र सम्पर्कको विकास हुने छन् ।

**४. सिमाः** यो कार्यविधि मिक्लाजुङ गाउँकार्यपालिकाको बैठक निर्णय अनुसार बालपोषण खर्च वितरणका लागि चालु आ.व. २०७५ श्रावण १ देखि लागु हुने छ ।

## ५. शिशु पोषण छनौटका आधारहरुः

मिक्लाजुङ गाउँकार्यपालिकाका ८ वटै वडाहरुमा २०७५ श्रावणमा ज जन्मेका १ वर्षका शिशुहरुका लागि पोषण खर्चका लागि छनौट गर्दा देहायका कागजातहरु संलग्न गरेको हुनुपर्नेछ ।

(क) जन्मेका बच्चाहरुको जन्मदर्ताको प्रमाण पत्रको प्रतिलिपिहुनु पर्ने ।

(ख) गर्भ जाँच गरेको कार्डको प्रतिलिपि हुनु पर्ने ।

(ग) जन्मेका बच्चाको तौल कार्डको प्रतिलिपिहुनु पर्ने ।

(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस भएको हुनु पर्ने छ ।

(ङ) एक घर एक करेसाबारी भएको वडा कार्यालयको सिफारिस हुनु पर्ने छ ।

## ६. बजेट निकासा र खर्च प्रक्रियाः

(क) मिक्लाजुङ गाउँकार्यपालिकाको बैठकको निर्णय अनुसार आ.व. २०७५/०७६ को गाउँसभाबाट स्विकृत वार्षिक कार्यक्रमअनुसार मिक्लाजुङ गाउँ कार्यपालिकाका कार्यालय अर्न्तगत महिला तथा बालबालिका शाखा वा सो शाखामा कर्मचारी नभएको खण्डमा स्वास्थ्य शाखाबाट स्थानिय लेखा शाखा वा कार्यपालिकाले तोकेको व्यक्तिबाट पेश्की रकम माग गरी यस मिक्लाजुङ गाउँकार्यपालिकाका ८ वटै वडाहरुमा बार्षिक रुपमा एकमुष्ट शिशु पोषण सहयोग रकम उपलब्ध गराउनु पर्ने छ ।

(ख) गाउँ कार्यपालिकाबाट पेश्की रकम प्राप्त भएअनुरुप उल्लेखित आधारहरुको आधार अनुसार शिशुका नजिकका हकदारलाई शिशु पोषण सहयोग रकम वितरण गरी भरपाई गाउँकार्यपालिकाको लेखा शाखामा पेश्की लिएको व्यक्तिले बुझाई फर्छ्यौट गर्नुपर्नेछ ।

(ग) रकम निकासाका लागि शिशु भत्ता वितरण, व्यवस्थापन तथा अनुगमन समितिको सिफारिस आवश्यक पर्नेछ ।

## ७. अनुगमन तथा मुल्यांकनः

यस मिक्लाजुङ गाउँकार्यपालिकाको कार्यालय अर्न्तगत ८ वटै वडाका आ.व. २०७५ श्रावण देखि जन्मेका १ वर्ष सम्मका शिशुहरुको स्वास्थ्य र निरोगी जिवनयापन गर्नका लागि साथै यस कार्यक्रम सफल बनाउनका लागि मिक्लाजुङ गाउँकार्यपालिकाको कार्यालयको तर्फ र सम्बन्धित वडा तर्फ बाट अनुकुलअनुसार अनुगमन गर्नको लागि तपशीलबमोजिमको शिशु भत्ता वितरण, व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

| | | |
|---|---|---|
| क) | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख) | उपाध्यक्ष | सदस्य |
| ग) | प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको प्रतिनीधि | सदस्य |
| घ) | पुर्वाधार विकास समितिका संयोजक | सदस्य |
| ङ) | सामाजिक विकास समितिका संयोजक | सदस्य |
| च) | आर्थिक विकास समितिका संयोजक | सदस्य |
| छ) | गाउँकार्यपालिका कार्यालयको लेखा शाखा प्रमुख | सदस्य सचिव |

**८. कार्यविधिको संशोधन :**

यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्नेछ ।

**९. बचाउ र खारेजी :**

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक ऐन, तथा अन्य प्रशासन सम्बन्धि प्रचलित कानुन सँग बाजिन गएमा बाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ ।

ख) कुनै कारण बाट कार्यक्रम संचालन हुन नसकेमा गाउँकार्यपालिकाले यस शीर्षकको रकमलाई अर्को शिर्षकमा सार्न सक्नेछ ।

**समाप्त**